संवत् २०७८ साल मंसिर १३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

क्र.स.	मन्त्रालय	निर्णयको संक्षिप्त व्यहोरा
१	अर्थ मन्त्रालय	आर्थिक वृद्धि तथा उत्थानशीलताका लागि जापान सरकारबाट प्राप्त हुने १० बिलियन जापानी येन (करीव रु. १० अर्ब ३९ करोड) सहुलियतपूर्ण नीतिगत ऋणका सम्वन्धमा नेपाल सरकारको तर्फवाट वार्ता गर्न वार्ता टोली गठन गर्ने।
२	ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय	नेपाल विद्युत प्राधिकरण कृष्णनगर चन्द्रौटा प्रशाखा कार्यालय भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा प्राप्ति गर्न स्वीकृति दिने।
३	कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय	बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष श्री युवराज सुवेदीलाई १५-१६ मङ्सिर, २०७८ सम्म आयोजना हुन लागेको On-Campus ICHF International Summit on Humanitarian Forensics २०२१ Post-Pandemic Transformation in Emergency Preparedness कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने।
४	कृषि तथा पशुपंक्षी विकास मन्त्रालय	हेलेज (प्रशोधित घाँस) को व्यवसायिक उत्पादन गरी चीनमा निर्यात गर्ने उद्देश्य अनुरुप नेपाल र जनवादी गणतन्त्र चीन बीच सम्झौताका लागि तयार पारिएको प्रोटोकललाई स्वीकृत गर्ने।
५	गृह मन्त्रालय	प्रहरी (नवौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
६	परराष्ट्र मन्त्रालय	नेपाल सरकार र UNDP बीच सम्पन्न भएको Standard Basic Assistance Agreement (SBAA) लाई लागू गर्न कूटनीतिक नोट परराष्ट्र मन्त्रालयबाट संयुक्त राष्ट्र संघलाई पठाउन स्वीकृति दिने।
७	परराष्ट्र मन्त्रालय	मिति २०७८ मंसिर २३ र २४ गते संयुक्त राज्य अमेरिकाका महामहिम राष्ट्रपतिबाट भर्चुअल रुपमा आयोजना हुन लागेको लोकतन्त्र सम्बन्धी शिखर सम्मेलन (Summit for Democracy) मा भाग लिन सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने।
८	युवा तथा खेलकुद मन्त्रालय	राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव पदमा श्री टंकलाल घिसिङ, सुनपती-२, रामेछापलाई नियुक्ति गर्ने।
९	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (सातौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
१०	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	रेडियो सञ्चार (लाइसेन्स) (पाचौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
११	राजपत्राङ्कित विशिष्ट श्रेणीका १० जना सचिवहरूको सरुवा गर्ने।	
१२	लोक सेवा आयोगको सिफारिसबमोजिम विभिन्न सेवाका राजपत्राङ्कित प्रथम श्रेणीमा नियुक्त गर्ने।	
१३	कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोनको संक्रमण देखिएका मुलुकहरुबाट नेपाल आउने यात्रुहरको यात्रा व्यवस्थापन सम्बन्धी आदेश जारी गर्ने।	